ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

# नेपालका सङ्गीत रेकर्डिङ्ग स्टुडियोमा तबलावाद्यको प्रयोग : अवस्था र चुनौती

वेङ्कटेश ढकाल[1]*
[1]Lecturer of 'Tabala' at Lalitkala Campus, Tribhuvan University
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** ढकाल, वेङ्कटेश (2022). नेपालका सङ्गीत रेकर्डिङ्ग स्टुडियोमा तबलावाद्यको प्रयोग : अवस्था र चुनौती. *Journal of Fine Arts Campus, 4*(2). 36-44. https://doi.org/10.3126/jfac.v4i2.54827

---

**लेखसार**

*रेकर्डिङ्ग (अभिलेखन) भन्नाले कुनै उल्लेख्य कार्यको आधिकारिक जानकारी उपलब्ध गर्न/गराउने उद्देश्यका लागि गराइने विभिन्न प्रक्रिया वा कार्य भनेर प्रज्ञा नेपाली बृहद शब्दकोषमा उल्लेख रहेको छ । प्राचीनकालमा अभिलेख राख्नका लागि छाला, वस्त्र, ताडपत्र, शिला, स्वर्णपत्र, ताम्रपत्र, आदिमा लेखन गर्ने वा कुँद्ने प्रचलन रहेको थियो । वर्तमान समयमा भौतिक विज्ञानद्वारा आविष्कार गरिएका विभिन्न विद्युतीय उपकरणको प्रयोग गरी अभिलेख राख्ने प्रचलन रहेको छ । माइक्रोफोन, मिक्सर, स्पिकर, एम्प्लिफायर विभिन्न उपकरणहरू प्रयोग गरी सङ्गीत सम्बन्धी अभिलेख तयार गरिने स्थानलाई वर्तमान समयमा रेकर्डिङ्ग स्टुडियो भनिन्छ । प्रस्तुत लेख काठमाडौँमा रहेका रेकर्डिङ्ग स्टुडियोहरुमा स्वतन्त्रवादन बाहेक सङ्गीत अन्तर्गतका विभिन्न रचनात्मक कार्यमा गरिने तबलावादनका बारेमा केन्द्रित रहने छ । नेपालको रेकर्डिङ्ग स्टुडियोहरूमा तबलावादनको विषयका बारेमा यस किसिमको लेख प्राप्त नभएको हुनाले यस शिर्षकमा केहि जानकारी उपलब्ध गराउन खोजिएको हो । शास्त्रीय एवम् रेकर्डिङ्ग स्टुडियोमा क्रियाशील रहेका वादकहरूमध्ये प्रसिद्ध कलाकारहरूमध्ये अध्येताको पहुँचमा रहेका तबलावादकहरूसँगको छलफलका आधारमा लेखमा केहि तथ्य उपलब्ध गराइएको छ । प्राथमिक (काठमाडौँ उपत्यका भित्रका सम्बन्धित विषयका विभिन्न व्यक्तिहरूसँग छलफल), द्वितीयक (विभिन्न विद्वानहरूको स्नातकोत्तर एवम् विद्यावारिधी शोधग्रन्थ, प्रकाशित पुस्तक, खोजमूलक लेखहरू) श्रोतको सहयोगमा गुणात्मक विधिको प्रयोग गरि लेख तयार गरिएको छ । तबलावादनको व्यावसायिक मार्ग रेकर्डिङ्ग स्टुडियो तर्फ लाग्न चाहने व्यक्तिहरूलाई प्रस्तुत लेखले केहि जानकारि प्रदान गर्ने छ ।*

**शब्दकुञ्जी:- तबलावादक, तालबाजा, नेपाल, मेट्रोनम, रेकर्डिङ्गस्टुडियो ।**

## परिचय

Cambridge Dictionary (2023) का अनुसार रेकर्डिङ्ग भन्नाले आधिकारिक उद्देश्यका लागि जानकारी उपलब्ध गर्न गराउन लेख्ने र भण्डारण गर्ने प्रक्रिया वा कार्य भन्ने हुन्छ । प्राचीनसमयमा लिखित रूपमा राख्ने गरिएको अभिलेख सर्वसुलभ रूपमा प्राप्तहुने गरेको थिएन । तर वर्तमानमा विद्युतीय रूपमा राखिएको अभिलेख आफ्नो पहुँचमा रहेको विभिन्न उपकरणमा उपलब्ध हुने गर्दछ । सङ्गीतमा यस प्रकारका अभिलेख तयार गर्नाक लागि उपयुक्त उपकरणका साथै विषय प्रति ज्ञान भएका व्यक्तिहरूको पनि उपलब्धता भएको स्थान नै रेकर्डिङ्ग स्टुडियो हो । भौतिक विज्ञानद्वारा भएका विभिन्न विद्युतीय उपकरणहरूको आविष्कारसँगै वर्तमानमा विद्युतीय अभिलेखन सम्भव भएको छ । जसबाट राखिएको अभिलेख धेरै समयसम्म रहिरहने गर्दछ । रेकर्डिङ्ग सुरुवात नभएको अवस्थामा सङ्गीत जस्तो अमुर्त कला गुरुहरूको निरन्तर सामिप्यताद्वारा मात्र प्राप्तगर्न सहज थियो । वर्तमान समयमा ज्ञानप्राप्त गर्नका लागि दीर्घकालसम्म गुरुहरूको सामिप्यता प्राप्तगर्न नसकिने अवस्थामा इन्टरनेटको उपयोग गरि विभिन्न विद्युतीय उपकरणको सहयोगमा मनपरेको विषयमा ज्ञान आर्जन गरिने परम्पराको विकास भएको छ । मन परेको रचना साविक भन्दा कम गतिमा हेरेर/सुनेर सिक्न सकिन्छ । तालवादनका विभिन्न आयाममध्ये रेकर्डिङ्ग स्टुडियोमा विभिन्न प्रकारका साङ्गीतिक रचनाहरूसँग वादन गरिने कार्य पनि एउटा आयाम हो । वर्तमान यान्त्रिक युगमा रेकर्डिङ्ग स्टुडियोमा कलालाई सुन्दर बनाउन, अभिलेख राख्न एवम् आफ्नो व्यवसाय बनाउन कस्तो कुराको ज्ञान अपरिहार्य रहन्छ ? अवस्थाका साथै चुनौतीहरू कस्ता छन् ? प्रश्नहरुको खोजका क्रममा प्रस्तुत लेख तयार भएको हो ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्नका लागि उद्देश्य मूलक नमुना छनौट विधि अन्तर्गत काठमाडौँमा प्रसिद्ध रहेका ५ वटा स्टुडियोहरूबाट प्राप्त तथ्यांकहरूलाई उपयोग गरिएको छ । त्यसैगरी शास्त्रीय एवम् रेकर्डिङ्ग स्टुडियोमा क्रियाशील रहेका तबलावादकहरूमध्ये अध्येताको पहुँचमा रहेका वादकहरूसँग रेकर्डिङ्ग स्टुडियोमा तबला लगायतका विभिन्न

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

प्रकारका तालवाद्य वादनगर्दा गरिनुपर्ने पूर्वतयारी कस्ता हुन्छन् ? कस्ता वादकहरूलाई रेकर्डिङ्ग स्टुडियोमा वादन सहज हुन्छ ? सङ्गीतका विभिन्न मञ्चहरूमार्फत प्रत्यक्ष (Live) तवलावादन गर्ने नामचीन सबै कलाकारहरू रेकर्डिङ्ग स्टुडियोमा व्यावसायिक रूपमा किन वादन गर्दैनन् ? रेकर्डिङ्ग स्टुडियोमा ताल बाजा वादनका अवसर कसरी प्राप्त हुन्छन ? चुनौतीहरू के हुन्छन ? वर्तमान यान्त्रिक युगमा रेकर्डिङ्ग स्टुडियोमा वादन सुन्दर बनाउन, अभिलेख राख्न एवम् आफ्नो व्यवसाय बनाउन कस्तो कुराको ज्ञान अपरिहार्य रहन्छ ? जस्ता विषयमा गरिएको छलफलका आधारमा लेखमा तथ्य उपलब्ध गराइएको छ । त्यसका साथै शास्त्रीय विधामा प्रत्यक्षरूपमा तबलावादनगर्ने वादकहरूद्वारा ध्यान दिनुपर्ने विषयमा महेश्वरमान राजभण्डारी, अनिल धिताल, रिदम कँडेल लगायतका रेकर्डिस्टहरूबाट प्राप्त धारणा पनि समावेश गरिएको छ । साथमा अध्ययनलाई पूर्णता दिनकालागि स्नातकोत्तर एवम् विद्यावारिधी शोधग्रन्थ, प्रकाशित पुस्तक एवम् अन्य खोजमूलक लेखहरू जस्ता द्वितीयक श्रोतहरूको पनि उपयोग गरिएको छ ।

**अनुसन्धानको औचित्य**

रेकर्डिङ्ग स्टुडियोमा सङ्गीत अन्तर्गतका विभिन्न विधाहरूमा तबलावादन हुने गर्दछ । रेकर्डिङ्ग स्टुडियोमा तबलावादकद्वारा नै अन्य मादल, तादल लगायतका ताल वाद्यहरूको पनि वादन हुने गर्दछ । काठमाडौँ उपत्यकामा रहेका रेकर्डिङ्ग स्टुडियोमा प्रयोग तबलावाद्यको अवस्था कस्तो रहेको छ साथै चुनौतीहरूका बारेमा अध्येताले अनुसन्धानमूलक लेख प्राप्त नगरेको हुनाले प्रस्तुत अध्ययनमा सोहि विषयवस्तुलाई समेटिएको छ ।

**विषयप्रवेश**

कुनै पनि विषयमा गरिएको उल्लेख्य कार्य भविष्यसम्म उपयोग गर्नका लागि त्यसको बारेमा अभिलेख तयार गरिने कार्य नै अभिलेखन हो । प्राचीनकालमा उचित श्रवण नै अभिलेख हुने गर्दथ्यो । समयको माग अनुसार सङ्गीतमा लिखित अभिलेख राख्ने चलनको फलस्वरुप विभिन्न ग्रन्थहरू नाट्य शास्त्र, सङ्गीत रत्नाकर, सङ्गीत सुधाकर, सङ्गीत चूडामणि आदिको रचना भएको पाईन्छ (मराठे, सन् १९९१, पृ.३४-३६) । प्राचीनसमयमा वायु एवम् अग्नि तरङ्गहरूको सम्यक प्रयोगद्वारा समाचार सम्प्रेषण हुने गर्दथ्यो (गौतम, २०६६) । तर अभिलेख राख्नका लागि हुने गरेको व्यवस्थाको उल्लेख पाइँदैन ।

वर्तमान समयमा समाचार प्राप्तगर्नका लागि अनेक प्रकारका यन्त्रहरूको व्यवस्था हुने गरेको देख्न सकिन्छ । त्यस प्रकारका समाचारहरू प्रत्यक्ष हेर्न वा श्रवण गर्न नसकेको अवस्थामा व्यक्तिको अनुकूल समयमा हेर्न वा सुन्न सकिन्छ । त्यस्तो अवसर रेकर्डिङ्ग सुविधाका कारण सम्भव भएको हो । रेकर्ड राख्ने प्रक्रियामा विभिन्न विद्युतीय उपकरण माइक्रोफोन, मिक्सर, स्पिकर, एम्प्लिफायरहरूको उपयोग हुने गर्दछ । रेकर्डिङ्गको सुविधाका कारण तथ्य तथा जानकारीहरूलाई केवल सुन्ने वा हेर्ने मात्र नभई आवश्यकता अनुसार सन्दर्भ पुष्टिका लागिपनि उपयोग गर्न सकिन्छ । प्रत्यक्ष रूपमा हुनेगरेका सङ्गीत सम्बन्धी कार्यक्रममा माइक्रोफोन, मिक्सर, स्पिकर, एम्प्लिफायर लगायत विभिन्न प्रकारका विद्युतीय उपकरणको प्रयोग दिनानुदिन वृद्धिहुँदै गएको देखिन्छ । Recording studio पनि यिनै विभिन्न विद्युतीय उपकरणहरूको उचित प्रयोग गरी सङ्गीत अझ सुस्वादु बनाई संसारभरका दर्शक श्रोताहरूका सामु पुर्याउने एउटा स्थान हो (Miller, 2018) । वर्तमान समयमा आधुनिक विज्ञानको आविष्कारले श्रब्य एवम् दृश्य दुवै प्रकारबाट अभिलेखन सम्भव भएको छ । विद्युतीय अभिलेखन मुख्य ४ प्रकारबाट हुने गरेको उल्लेख रहेको छः Mechanical or acoustic, Electronic, Magnetic र Digital recording । यी ४ प्रकारका प्रविधिको प्रयोग गरी प्रमुखतः तीन किसिमबाट रेकर्ड गर्ने गरिन्छ । Live recordings (Pre-production), Track recording (Post-production) र Programming. Programming अन्तर्गत पनि Analog, Digital गरि २ प्रकारबाट recording गर्ने गरिन्छ ( Alawathukotuwa, 2013, pp 57-60 ) ।

श्रवणमात्र सम्भव हुने अडियो (Audio), श्रवणका साथै दृष्य सम्भव भएको भिडियो (Vedio) हुँदै वर्तमानमा दुवै प्रकारका श्रव्यदृश्य (Audiovisual) रेकर्ड सम्भव हुन गएको छ । प्रत्यक्ष प्रस्तुत हुँदै गरेको कार्यक्रमको पनि विभिन्न विद्युतीय उपकरणको सहयोगमा अडियोग्राफीक विषेशज्ञद्वारा प्रस्तुतिको ध्वनी स्तरोन्नतीका साथै अभिलेखन पनि सम्भव हुन सकेको छ (वसन्त, सन् २०१०, पृ.१०६-११४) । आधुनिक विज्ञानमा भएका विभिन्न उपकरणहरुका आविष्कारका कारण ग्रामोफोन, रेडियो, टेलिभिजन, टेप रेकर्डर, कम्प्युटर, मोबाइल फोन आदि विद्युतीय यन्त्रहरुको सहयोग लिएर सुन्न तथा हेर्नका साथै भविष्यका लागि अभिलेख राख्ने सुविधा सर्वसुलभ भएको छ । वर्तमान परिप्रेक्षमा रेकर्डिङ्गको सुविधाले गर्दा कलाकारको अनुकुल समयमा स्टुडियोमा सङ्गीत सम्बन्धी अभिलेख राख्न सकिन्छ । विश्व नै

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

एकघर हुन गएको हालको अवस्थामा संसारको कुनै पनि महत्वपूर्ण घटना, सङ्गीत, खेलकुद लगायत विभिन्न कुराको जानकारी आफ्नो हातमा रहेको उपकरणमा आरामसँग अवलोकन गर्न सकिन्छ (सहस्त्रबुद्धे, सन् २०१५)।

सङ्गीत क्षेत्रमा विशेष प्रयोग गर्ने उद्देश्यकासाथ विभिन्न विद्युतीय यन्त्रहरूको आविष्कार विभिन्न समयमा भारतमा भएको पाईन्छ । यस अन्तर्गत सर्वप्रथम *तालों मिटर* सन् १९७८, *तम्बुरा सारंग* सन् १९७८-८० तथा *तालमाला* सन् १९८८ सङ्गीत गायनमा सहयोगी यन्त्रहरूको निर्माण भएको हो । स्वतन्त्र तबलावादनमा सहयोग हुने गरि *सुनादमाला* नामक लहरा वाद्यको आविष्कार सन् १९९३ मा भएको थियो । उपरोक्त वाद्ययन्त्रहरू २२०V AC या ११०V AC मा संसारको कुनै पनि स्थानमा उपयोगमा लिन सकिन्छ (मिश्र, सन् २०१९, पृ.४१८-४२०) । वर्तमान समयमा लहरा, तालमाला, तानपुरा आदि मोबाइल फोनमा प्रयोग गर्न सकिने एप्लिकेशनहरूको निर्माण भइसकेका छन् । हालसालै प्रचलनमा रहेका परम्परागत रूपमा निर्माण हुनेगरेको तबलाभन्दा बिल्कुल भिन्न तरिकाको विद्युतीय तबला सेट (*TABLA TOUCH*) को आविष्कार भएको छ । जसमा परम्परागत रूपमा निर्माण गरिने तथा प्रयोगमा रहेका तबलामा जस्तैगरी रचनाहरू वादनगर्न सकिन्छ । परम्परागत तबलामा विभिन्न स्वरको लागि भिन्न-भिन्न तबलाको प्रयोग गरिन्थ्यो । विद्युतीय तबलामा एउटा तबलाबाट नै कलाकारको आवश्यकता अनुरूप स्वरमा मिलाएर वादन गर्न सकिने भएको छ (Bhamra, 2020) । यस आविष्कारले तबला वादकहरूलाई एउटै कार्यक्रममा धेरै तबलाहरू लिएर जानुपर्ने झन्झटिलो कार्यबाट मुक्ति प्रदान गरेको छ भने अर्को तर्फ स्टुडियोमा पनि रेकर्डिङ्ग कार्यमा सहजता प्रदान गरेको पाइन्छ ।

**रेकर्डिङ्गको इतिहास**

रेकर्डिङ्ग सम्बन्धि विभिन्न प्रयोग १६औं शताब्दीदेखि नै हुन थालेका थिए । रेकर्ड कार्यको लागी Giovanni Battista Della Porta ले Tube को प्रयोग गरेका थिए । Switzarland का घडी निर्माता Smooth Nikola द्वारा सन् 1796 मा "Musical box" को असफल प्रयास गरेका थिए । फ्रान्सका Leon Scott पहिलो व्यक्ति थिए जसले पहिलो पटक लाइभ ध्वनि रेकर्ड गरेका थिए । उनले सन् 1855–56 तिर निर्माण गरेका Phonoautograph बाट *"Au Clair de La Lune Pierrot repondit"* शिर्षकको एक सेकेन्ड भन्दा कमको साउण्ड ट्र्याक (Sound track) रेकर्ड गरेका थिए । Leon Scott भन्दा २ दशक पछी Alexander Graham Bell द्वारा एउटा मेसिन निर्माण गरिएको थियो । वर्तमान समयमा यसलाई Graphophone भनिन्छ (Alawathukotuwa, 2013, pp 63) । वैज्ञानिक थोमस एल्बा एडिसनद्वारा सन् १८७७ मा फोनोग्राफको आविष्कार भएको मानिन्छ । उनको फोनोग्राफ पहिलो रेकर्डिंग र प्लेब्याक मेसिनमा रेकर्ड भएको शब्द *"Mary had a little lamb"* हो (Hilton, n.d.) । एडिसनद्वारा निर्मित बोल्ने यन्त्र (Talking machine) ग्रामोफोनमा टिन फोइल (Tinfoil) मा रेकर्ड गर्ने गरिन्थ्यो । सन् १८७७ मा फोनोग्राफको निर्माणसँगै सुरुवात भएको रेकर्डिंग एवम् प्लेब्याकको प्रचलन हालसम्ममा आइपुग्दा उल्लेख्य रूपमा विकसित भएको पाइन्छ (Lubinski, 2015) । रेकर्डिङ्ग स्टुडियोको बनावट विभिन्न क्रियाहरूको लागि छुट्टाछुट्टै स्थानको निर्माण गरिएको हुन्छ । जसमा मिक्सर, कम्प्युटर, रेकर्डिस्ट, प्रयोग गरिने स्पिकर आदिको लागि छुट्टै स्थान हुन्छ । कलाकारहरूद्वारा गायन, वादन गरिने अलग्गै स्थान हुन्छ । बाहिर एवम् भित्रको आवाजले कुनै प्रकारको अवरोध नहोस् भनेर स्टुडियोको निर्माणमा मुख्य रूपमा ध्यान पुर्याइएको हुन्छ ( Eliot, 2020) ।

प्राचीनसमयमा कुनै पनि कार्यक्रम उपस्थित भएर हेर्न असमर्थ भएको खण्डमा फेरि सोहि कार्यक्रम हेर्न वा सुन्न सकिने कुनै व्यवस्था थिएन । वर्तमान समयमा हरेक विषयको रेकर्डिङ्ग सम्भव भएको छ । आधुनिक विज्ञानद्वारा रेकर्ड गर्न सकिने सामग्रीहरूको निर्माण पछि गीत सङ्गीतको रचनाहरू नव पुस्ताहरूले विभिन्न माध्यमद्वारा दर्शन, श्रवण साथसाथै रेकर्डिङ्ग गर्न सक्नेछन् । रेकर्डिङ्गको विकासद्वारा पूर्व समयमा भइसकेको कार्यक्रमहरुको आनन्द घरमै बसेर आफुलाई उपयुक्त समयमा हेरेर आनन्द लिने वा सिक्न पनि सकिने छ । अध्येतालाइ लखनऊ स्थित भातखण्डे सङ्गीत विश्वविद्यालयमा अध्ययनको क्रममा एउटा रचना कम लयमा वादन गरि सिकाइदिनुहोस भन्ने आग्रहमा गुरुद्वारा हामिले पनि यहि लयमा सिकेको हो अभ्यास गर भन्ने आदेश मिल्यो । सोहि रचना मोबाइल फोनमा रेकर्ड गरेर साविक भन्दा कम गतिमा हेरेर केहि समयको अभ्यास पछि सहज रूपमा वादन गर्न सफल भएबाट सो कुराको पुष्टी भएको अनुभव छ । अर्थात् वर्तमान समयमा कुनै रचना वादन भएको निश्चित लय वा गति भन्दा कम वा अधिक लयमा श्रवण एवम् अवलोकन पनि गर्न सकिने व्यवस्था रहेको छ । पारम्परिक रचनाहरू पनि रेकर्डेड श्रव्यदृष्य सामग्री प्रयोग गरि घरमै बसेर सिक्न सम्भव हुने भएको छ । आफ्नो वादनलाई रेकर्ड गरि तुरुन्त श्रवण गर्न सकिने हुनाले एकपटक गरिएको गल्ति फेरि दोहोरिने सम्भावनालाई कमगर्न सकिन्छ । रेकर्डिङ्ग सुविधाको कारण आफ्नो वादनमा अझ सुन्दरताको अभिवृद्धि सम्भव भएको छ । सिलिन्डर फोनोग्राफ एवम् ग्रामोफोनसँगै सुरुवात भएको

रेकर्डिङ्ग पद्धतीको विकाश हुने क्रममा वर्तमानमा यससँग सम्बन्धित उच्चस्तरको सुविधाको बहुउपयोग गर्न सकिने भएको छ (मराठे, सन् १९९१, पृ. ६९ ) ।

**नेपालमा सङ्गीत रेकर्डिङ्गको विकाशक्रम**

बि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना एवम् वि.सं.२०२८सालमा रत्न रेकर्डिङ्ग संस्थानको स्थापना पछी नेपालमा नै रेकर्डिंगको सुबिधा उपलब्ध भएको हो । रेकर्डिंगको सुविधा नेपालमा नभएको समयमा भारतका विभिन्न शहरमा नेपाली कलाकारहरूले गीत रेकर्डिङ्ग गरेको इतिहास छ । बि.सं. १९९० मा ओस्ताद साइँला (अष्टमान श्रेष्ठ), सेतुरामद्वारा कलकत्तामा गीत रेकर्डिङ्ग गरेका थिए (रावल, २०६३, पृ.२६८, १६०) । त्यस समयमा नेपालमा रेकर्डिङ्गको सुविधा सर्वसुलभ नभएको हुनाले पुराना कलाकारहरूको रेकर्डिङ्ग हाल सहज रूपमा उपलब्ध छैन । पुरानो समयमा रेडियो नेपाल लगायतका स्थानमा स्पुल टेपमा लाइभ रेकर्डिङ्गमा हुन्थ्यो । जहाँ धेरै जनामध्ये एकजना वाद्य वादकले गलत प्रस्तुति दियो भने फेरि रेकर्डिङ्ग गर्नुपर्थ्यो । धेरैजना वाद्यवादकहरूले एकैसाथ वादनगर्दा कुनै एक जनाबाट हुने त्रुटीका कारण एउटा गीत सम्पन्न हुन कम्तीमा १०-१२ टेक लिनु पर्ने बाध्यता थियो । हालमा रेकर्डिङ्ग पद्धतीमा भएको विकाशमा कारण डिजिटल ट्र्याक रेकर्डिङ्ग पद्धतीमा प्रत्येक कलाकारहरूको अनुकूल समयमा छुट्टाछुट्टै गायन एवम् वादन गर्ने प्रचलन रहेको छ (आशिष पौडेल, २०७९) । यस पद्धतीमा कार्यगर्ने उत्कृष्ट वादनको लागि प्रख्यात होमनाथ उपाध्यायले भारतमा आर.डी.बर्मनसँग करिब ५ वर्ष कार्यगरि रेकर्डिङ्ग सम्बन्धि व्यावसायिक ज्ञान हासिल गरेका थिए । नेपालका तबलाका ८०% विद्यार्थीहरूका प्रत्यक्ष एवम् अप्रत्यक्ष गुरुका रूपमा रहेका तवलाबादक होमनाथ उपाध्यायको (रेग्मी, २०७८) प्रेरणाबाट उपाध्यायका सुपुत्र प्रमोद उपाध्याय व्यावसायिक तबलावादन ( rerording studio)का अब्बल तबलावादक मध्ये एक रहेका छन् । रेकर्डिङ्ग सम्बन्धी ज्ञानको अपरिहार्यताको परिपूर्तिका लागि काठमाडौँका केहि सरकारी एवम् गैरसरकारी तवरबाट खुलेका सङ्गीत संस्थाहरू मार्फत विद्यार्थीहरूलाई रेकर्डिङ्ग सम्बन्धी ज्ञान प्रदान गर्न थालिएको छ ।

सङ्गीत सिकाउने संस्थाहरूमध्ये बि.सं. १९६३ मा स्थापित कलानिधी इन्दिरा सङ्गीत महाविद्यालय पुल्चोक, ललितपुरको आफ्नै रेकर्डिङ्ग स्टुडियो रहेको छ । वर्तमान समयमा प्रचलनमा रहेका सङ्गीत सम्बन्धी शिक्षा प्रदान गर्ने उद्देश्यका साथ सन् २००६मा काठमाडौँको पिङ्गलास्थानमा स्थापित नेपाल म्युजिक सेन्टरले आफ्नै भवनमा रेकर्डिङ्ग स्टुडियो सन्चालन गरेको छ , जसबाट विद्यार्थी एवम् भविष्यका कलाकारहरूले प्रारम्भिक समय देखि नै त्यसबारे जानकारी हासिल गर्नसक्ने छन् । नेपालमा कला सम्बन्धी पठन पाठन हुने एकमात्र क्याम्पस ललित कला क्याम्पस, भोटाहिटी, (हाल कीर्तिपुर) मा पनि रेकर्डिङ्ग सम्बन्धी ज्ञान विद्यार्थी अवस्था देखि नै होस् भन्नका लागि पाठ्क्रममा समावेस गराइएको छ । उक्त संस्थामा BFA चौथो वर्षमा music technology theory and practical गरि पूर्णांक १०० को पठन पाठन हुने गरेको छ (www.factu.edu.np) । शृजना कलेज अफ फाइन आर्ट्स, काठमाडौँमा स्नातक तहमा विद्यार्थीहरूलाई ध्वनि प्रविधि (Sound technology)का बारेमा अध्यापन गराइने गरिन्छ ( https://sirjanacollege.edu.np) ।

कलाकारहरूको सम्मान प्राचीन समयदेखि नै मान, इज्जत, दरवारी जागिर, धनदौलत दिएर गरिने परम्परा रहेको पाइन्छ । रामायणकालमा कलाकारहरूलाई प्रसस्त धन दिने प्रचलन रहेको थियो । लव कुशको गायनबाट प्रशन्न भएका श्री रामद्वारा १८००० स्वर्ण मुद्रा प्रदान गरेको उल्लेख पाइन्छ । त्यस समयका राजाहरू कलाकारहरूको सर्व प्रकारले पालनपोषण गर्थे भन्ने उल्लेख पाइन्छ (Jaidev, 2010) । कालक्रममा विभिन्न दरवारहरूमा मानोरञ्जनको साधनका रूपमा सङ्गीतको प्रयोग गरिएका उदाहरणहरू थुप्रै प्राप्तगर्न सकिन्छ (योन्जन, गोपाल एवम् साथीहरु, २०३४, पृ.३-४) । सङ्गीत मार्फत पारिश्रमिक पनि प्राप्त गरि जीविकोपार्जन गरिने तथ्यबाट सङ्गीत ब्यावसायिक रूपमा रहेको थियो भन्न सकिन्छ (Regmi, 2003, pp 260) ।

नेपालमा सङ्गीतलाई नै आफ्नो जीविकोपार्जनको प्रमुख आधार भएका विभिन्न जात जातिहरू हालसम्म पनि विद्यमान रहेका छन् (रावल, २०६३, पृ.२६९) । विश्वको परिप्रेक्ष्यमा वर्तमानमा विभिन्न जातजातीका विद्यार्थीहरू नेपाल लगायत भारतका सङ्गीत सम्बन्धी विभिन्न विश्वविद्यालयबाट सङ्गीतका विभिन्न विषयमा उच्चशिक्षा प्राप्त गरेकाहरूले पनि सङ्गीतलाई आफ्नो जीवनयापनको आधार बनाएका छन् । ११ औं शताब्दी पछिका भारतका शासकहरूले आफ्नो सुविधा एवम् रुची अनुरूपका सङ्गीतका कलाकारहरूलाई दरवारमा उनीहरूको सम्पूर्ण किसिमबाट परिपालन गर्दथे ( मराठे, १९९१, पृ.६८) । राणाहरूको शाशनकालमा नेपालमा पनि भारत लगायत नेपालका सङ्गीतका कलाकारहरूलाई पारिश्रमिक उपलब्ध गराइने प्रचलन थियो (Regmi, 2003, pp.256–260) । राणा तथा राजाहरूको शाशन पछी त्यस प्रकारको व्यवस्था पनि अन्त्य भएको देखिन्छ ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

संसारका अनेक राष्ट्रहरूमा सङ्गीत व्यावसायिक रूपमा निकै प्राचीन समयदेखि नै हुँदै आएको देख्न सकिन्छ (Miller, 2018) । वर्तमान समयमा एउटा प्रमुख ब्यावसायिक धारको रूपमा रेकर्डिङ्ग स्टुडियोमा तबला लगायत विभिन्न तालवाद्य वादन पनि रहेको पाईन्छ, जसले तबलावादकहरूको आर्थिक पक्ष सबल पुर्याउन ठुलो भूमिका खेलेको छ । वर्तमान समयमा एकल रुपमा होस् वा विभिन्न सांगीतिक समूहमा आवद्ध भएर होस् तबलावादन हुँदै आएको पाईन्छ । नेपालमा सुरसुधा, प्रस्तार, सुकर्म, त्रिकाल, सम्पदा, श्रीन्गार आदि विभिन्न साङ्गितिक समुह रहेका छन् जसमा तवलादकको भूमिका पनि उल्लेखनीय रहेको पाईएको छ । त्यस्तै, श्रीमद्भागवत पुराण लगायत अनेक धार्मिक अनुष्ठानमा पनि तबलावादन हुने गर्दछ (ढकाल, सन् २०२२) । होटलहरूमा गीत, गज़ल आदि कार्यक्रम पनि ब्यवसायिक रूपमा तबलावादन हुने गर्दछ । त्यस प्रकारका कार्यक्रममापनि तबलावादकहरूले आफ्नो क्षमता अनुसारको वादन गरि जीविकोर्पाजन गरिरहेका छन् । तबला वादनका विभिन्न ब्यायासायिक आयाममध्ये प्रशिक्षण, रंगमन्चमा प्रत्यक्ष प्रस्तुति, लगायत रेकर्डिङ्ग स्टुडियोमा वादन पनि एक महत्वपूर्ण पक्ष हो (Parikh, 2017) ।

**रेकर्डिंग स्टुडियोमा तबलावादनका आधारभूत तत्व एवम् वर्तमान अवस्था**

प्रज्ञा नेपाली बृहद शब्दकोष (२०७९)का अनुसार अवसरको अर्थ अनुकूल समय हुन्छ । परिस्थितिलाई आफ्नो वादन क्षमता अनुसार प्रयोग गरि लाभ लिन सक्नु नै अवसरको सदुपयोग गरिएको मानिन्छ । वर्तमान समयमा यन्त्रहरूको समुचित प्रयोगमा निर्भर हुँदै गएको देखा परेको छ । जसबाट व्यक्तिहरू आर्थिक रूपमा पनि लाभान्वित भएका छन । सङ्गीतलाई विश्वव्यापी रूपमा पुर्याउने अझ धेरै माध्यमहरू छन् जसको बारेमा हामीलाई ज्ञान हुन सकेको छैन । अल्पविकशित राष्ट्रका कलाकारहरूले यस विषयमा जानकारी सहित उपयुक्त उपयोग गर्नसकेमा आर्थिक रूपमा अझ सुदृढ हुन सक्दछन् (Hussain, 2016) । वर्तमान समयमा सामान्य रेकर्डिङ्ग आफ्नो मोबाईल फोनमा नै हुने गरेको छ । तर व्यवस्थित रूपमा त्यस प्रकारको कार्यको लागि भने रेकर्डिङ्ग स्टुडियोमा नै जानु पर्दछ । काठमाडौँमा यस प्रकारको कार्य हुने/गरिने धेरै स्टुडियोहरू रहेका छन् ।

Recording studio तबलावादन गर्नका लागि तथा ब्यावसायिक रूपमा त्यस क्षेत्रमा दीर्घकालीन रूपमा कार्य गर्नका लागि निम्न कुराको अनुभव ज्ञान भएमा अझ सहज हुन जान्छ । लयको ज्ञान, तथा मेट्रोनम Metronum मा वादन गर्ने अभ्यास, हरेक दिन कमसेकम २ वटा सुगम सङ्गीतमा वादन भएको तबला सुनेर Bar मा लेखन एवम् वादनको अभ्यास, फरक-फरक प्रोग्रामिंग सोच भएका एरेन्जरका प्रोग्रामिङ्गसँग उपयुक्त हुने वादनको ज्ञान, फरक-फरक प्रकारका गीतमा सङ्गीत सम्योजन गर्ने सम्योजकसँग काम गर्ने अभ्यास, बिभिन्न गीतमा तबलासँगै प्रयोग गरिने अरु प्रकारका (मादल, ढोलक, तादल, डफ) आदि वादनको ज्ञान, गीत सङ्गीतका रचनाहरुसँग तालमेल राख्ने ठेका लेखन एवम् वादन गर्ने क्षमता (सिंह, पर्विंदर, व्यक्तिगत सञ्चार, १५, चैत्र २०७८, उपाध्याय, प्रमोद, व्यक्तिगत सञ्चार, २३, चैत्र २०७८) व्यवसायिक रूपमा कार्यगर्न चाहने व्यक्तिलाई हुनुपर्दछ ।

माइक्रोफोनमा दाँया एवम् बायाँको सन्तुलित तबलावादन एउटा महत्वपूर्ण हुने भएकोले वादनमा सन्तुलन रहेको तालवाद्य वादनको अवसर छिट्टै प्राप्त गर्दछ । पहिला नै रेकर्ड भइसकेका सुगम गीत लगायतका रचनाहरूमा वादन गरिएको बोलहरूलाई हुबहु लेखन एवम् वादन गर्न सक्नुपर्छ । त्यस कार्यद्वारा वादनगर्दा अपनाउनु पर्ने धेरै कुराहरूको ज्ञान हुनेगर्दछ । एउटा रचनामा कुनै परिवर्तन नगरिकन धैर्यताका साथ लामो समयसम्म मेट्रोनमका साथमा वादन गर्ने अभ्यास भएको व्यक्तिले मात्र तबला वादनको अवसर सहजै प्राप्तगर्न सक्छ । तबला वादनमा पोख्त व्यक्तिले बाँकी ताल वाद्ययन्त्रहरू प्राय:सहज रूपमा वादन गर्न सक्छन । प्रारम्भिक अवस्थादेखि नै रेकर्डिङ्ग स्टुडियोमा हुने वादन शैलीगत वातावरणमा घुलमिल एवम् निरन्तरता भएमा तबलावादन सहज हुनजान्छ ।

वर्तमान समयमा अर्थोपार्जन नहुने विषय त्यत्ति रुचाइएको देखिँदैन । पूर्वीय नीति *"विद्या ददाति विनयम् विनयाद याति पात्रताम्, पात्रत्वाद धनामाप्नोती धनाद् धर्म ततः सुखम् "*(भक्ति भारत, सन् २०२२) अनुसार सु:खको लागि धनको महत्वपूर्ण भूमिका रहेको छ। अर्थात विनयी विद्वानको साथमा रहेको धनद्वारा धर्मको कार्य हुने गर्दछ, धार्मिक कार्य नै सुखको कारण हो, त्यसकारण धन (अर्थ) को ठुलो महत्व रहेको छ । नेपालमा सङ्गीत अन्तर्गत शास्त्रीय शैलीको तबलावादनबाट आर्थिक उन्नति कम हुनाले अविभावकहरू आफ्ना सन्तानलाई तबला वादनलाई पेशागत रूपमा अँगाल्न प्रेरित नगरेको देखिन्छ । तबलावादनद्वारा हुने आर्थिक उपार्जनका बारेमा खोजिगर्दा रेकर्डिङ्ग स्टुडियोमा तबलावादनका बारेमा निम्न तथ्य अगाडि आएको छ । रेकर्डिङ्ग स्टुडियोमा तालवाजाहरू वादनगर्ने वादकहरूका अनुसार नेपालको स्टुडियोमा केवल तबला मात्र नभई सबै प्रकारका ताल वादन गर्नुपर्ने जिम्मेवारी एउटै कलाकारको हुने गर्दछ । सामान्यतया एउटा गीत वा अन्य रचनामा लाग्ने पारिश्रमिक पहिला नै तय भएको हुन्छ । तथापि कुनैकुनै रचनागत विशिष्टताका अवसरमा कार्य, एरेन्जर, लागेको समय, वादक अनुसार पारिश्रमिकमा केहि

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2
Peer Reviewed Research Article

हेरफेर पनि हुने गर्दछ । शास्त्रीय सङ्गीतको नियमित कार्यक्रम हुँदैन, हुने गरेका सबै कार्यक्रममा एकैजना तबलावादकले मात्र वादन गर्न सम्भव हुँदैन । तर रेकर्डिङ्ग नियमित हुने स्टुडियोमा तोकिएको तालवाद्य वादकले मात्र वादन गरिने कारणले (धौगडा, जगन्नाथ, व्यक्तिगत संचार, १०, वैशाख, २०७८) नेपालमा व्यावसायिक रूपमा नियमित स्टुडियोमा वादन गर्ने कलाकारहरूको आर्थिक पक्ष शास्त्रीय तबला वादकहरूको भन्दा सुदृढ भएको पाइन्छ । तर रेकर्डिंग स्टुडियोमा तबलावादन गर्ने चाहना भएका तबलावादकहरूले ताल सम्बन्धी अन्य प्रकारका बाजाहरू पनि वादनमा कुशलता हासिल गरेको हुनुपर्दछ ।

**चुनौतीहरू**

सुरुवातमा चुनौतिपूर्ण ठानिएको कुनैपनि कार्यको निरन्तर अभ्यासद्वारा सामान्य हुँदै जाने गर्दछ । कुनै पनि विषयमा विशेषज्ञता प्राप्त गर्नका लागि सोहि विषयमा निरन्तर अभ्यास हुन जरुरि हुन्छ (Parikh, 2015) । हरेक तबला वादकको आफ्नै प्रकारको विशेषता हुने गर्दछ । केहिको वादन गायनको लागि सुहाउने हुन्छ । कुनै वादकको वादनशैली तन्त्र वाद्यसँग अत्यन्त सुहाउने हुन्छ । कत्थक नृत्यमा वादन गर्न वादनशैली तथा नृत्यमा प्रयोग हुने बोलहरू तथा नर्तक/नर्तकीको पदचाप अनुरुप तुरुन्त मिल्दोजुल्दो वादन गर्नसक्ने क्षमता हुनुपर्दछ । त्यस्तै प्रकारले स्थान एवम् कार्यक्रम अनुसार तालवाद्यहरूको वादन भएमा मात्र सम्पूर्ण कार्यक्रम अत्यन्त सफल हुनेगर्दछ । प्रत्यक्ष वादन एवम् रेकर्डिङ्गमा विभिन्न प्रकारका तात्विक भिन्नताहरू हुने गर्दछन । स्टुडियोमा रेकर्ड गरिने सबै रचनामा शास्त्रीय शैलीको तबलावादन रेकर्डिङ्ग उपयुक्त मानिंदैन । प्रत्यक्ष कार्यक्रममा गरिने वादनमा श्रोताहरूको मनोभाव प्रत्यक्ष अनुभव गर्न सकिन्छ । श्रोताको रुचि अनुसार वादनमा तुरुन्त परिवर्तन पनि गर्न सकिन्छ । रेकर्डिङ्गमा एकपटक वादन भैसकेपछि पनि चाहे अनुरुप वादन नभएको अवस्थासम्म बारम्बार परिवर्तन गर्दै वादन सम्भव हुने गर्दछ । रेकर्डिङ्ग स्टुडियोमा तबलावादन गर्नका लागि वादकको तयारी स्टुडियोको वातावरण अनुरुप भएमा मात्र सहज हुने गर्दछ ।

काठमाडौँमा शास्त्रीय शैली अन्तर्गत तबलावादनको ज्ञान प्राप्त गरेका, तर केवल शास्त्रीय तबलावादनमा मात्र सिमित नरही रेकर्डिङ्ग स्टुडियोमा तबलावादन गर्ने कलाकारहरू पनि रहेका छन् । जसमध्ये अध्येताको सम्पर्कमा रहेका तबलावादकहरू नवराज गुरुङ, शान्ति बहादुर रायमाभ्ती, प्रमोद उपाध्याय, जीवन राई, एवम् जगन्नाथ धौगडाका अनुसार स्टुडियोमा तालबाजा वादन गर्दा सामना गर्नु पर्ने प्रमुख चुनौतीहरू के कस्ता हुन्छन् भन्ने सम्बन्धमा निम्न विन्दुहरू अगाडि आएका छन् ।

**वाद्ययन्त्रको छनोट** : शास्त्रीय सङ्गीतका विभिन्न विधाहरूमा प्रयोग गरिने तबला एवम् रेकर्डिङ्ग स्टुडियोमा प्रयोग गरिने वाद्य यन्त्रको छनौट गर्न पनि ज्ञान हुनुपर्दछ । साधारणतया शास्त्रीय सङ्गीतमा स्वतन्त्र वादन तथा सङ्गतमा धेरै गुँज उत्पन्न हुने तबला उपयुक्त मानिन्छ । स्टुडियोमा यस प्रकारको वाद्ययन्त्रको वादन उपयुक्त मानिएको छैन ( Keda Music Ltd, 2022 ) ।

**वादनमा एकरुपताको कमि** :- शास्त्रीय तबला वादकहरूद्वारा गरिने वादन हरेक पटक अलग हुनु पनि एउटा प्रमुख समस्याको रूपमा उपस्थित हुने गर्दछ । स्टुडियोमा वादनगर्दा एकपटक वादन गरिएको रचना सुरुवात देखि अन्त्यसम्म हरेक पटक दुरुस्त रूपमा वादन गर्नुपर्ने हुन्छ । हरेक वर्णको प्रत्येक पटकको आघात मापन गर्ने कम्प्रेसर यन्त्रमा उपयुक्त हुनेगरि वादन पनि एउटा चुनौती हुने गर्दछ । शास्त्रीय तबला वादकहरूका साथै प्रत्यक्ष कार्यक्रममा वादन गर्ने कलाकारहरूको त्यस प्रकारको अभ्यास नहुने हुँदा रेकर्डिङ्ग स्टुडियोमा वादन स्वीकार्य हुँदैन । शास्त्रीय तबलावादकहरूले सन्तोषजनक ठेका वादन गरेतापनि रोलिङ्गका क्रममा लय बढ्ने वा घट्ने हुन जानेमा पनि ध्यान दिनुपर्ने हुन्छ ।

**मानसिकता** :- शास्त्रीय तबला वादकहरूको मस्तिस्कमा एउटा रचनालाई हरेक पटक परिवर्तन / परिमार्जन गरि कसरि दर्शक-श्रोताहरुलाई मनोरञ्जन प्रदान गर्न सकिन्छ भन्ने विषयमा कौतुहलता चलिरहने हुँदा स्टुडियोमा गरिने वादन भन्दा नितान्त अलग मानसिकताका साथ वादन गर्नु पर्दछ । स्टुडियोमा लाईभ प्रस्तुतिको तुलनामा समयको पावन्दी बढि हुने भएकाले सङ्गीत निर्देशकको सोच अनुसार छिटो एवम् उत्कृष्ट कार्य गर्नुपर्ने हुन्छ । यस प्रकारका कार्यगर्ने सङ्गीत निर्देशकहरूलाई शास्त्रीय तबलावादकहरूले एउटा रचनामा वादन गर्नका लागि धेरै समय लगाउने हुनाले कारणले रचनामा वादनको अवसर दिन हिच्किचाउने गर्दछन् । स्वतन्त्र रूपमा वादन गर्ने तालवाद्य वादकहरूलाई स्टुडियोमा हुने विविध दवाब र पावन्दीमा रहेर वादन कार्य असहज हुने कारणले गर्दा स्टुडियो भन्दा अरु विकल्प रोजेको पनि हुनुपर्दछ । शास्त्रीय तबला वादनमा रमेका एवम् नामचीन कलाकारहरू किन स्टुडियोमा

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

व्यवसायिक रूपमा तालबाजा कार्यमा सक्रियरूपमा छन् भन्ने प्रश्नमा प्रत्यक्ष कार्यक्रममा स्वन्तन्त्र रूपमा वादन गर्दा जत्तिको आनन्द स्टुडियो भित्रको वादनमा हुँदैन भन्ने उत्तर पाइयो । जबसम्म रेकर्डिस्ट वा एरेङ्जरलाई चित्तबुझ्ने किसिमको तबलावादन हुँदैन तबसम्म एउटै रचना बारम्बार वादन गर्ने कार्य झन्झटिलो लाग्ने हुन्छ । स्टुडियोमा आघात मापकयन्त्र (मेट्रोनम, कम्प्रेसर)मा वादन समानान्तर रूपमा हुने वा नहुने भन्ने पक्षमा एकदम सतर्क हुनुपर्छ । यस कारणले पनि स्टुडियोमा आफ्नो भावना अनुसारको वादन हुन नसक्ने धारणा रहेको छ (गुरुङ्ग, व्यक्तिगत संचार, ३, वैशाख, २०७८) । उल्लेखित पक्षहरूमा अभ्यास नहुन्जेल सम्म झन्झटिलो लागे पनि निरन्तर कार्य गर्ने अभ्यास भएमा स्टुडियो भित्रको तालबादनमा मन रम्नथाल्छ । प्रत्यक्ष कार्यक्रममा सबै वाद्ययन्त्र कार्यक्रमको सुरुवातदेखि अन्त्यसम्म विविध कारणवश शुद्द वा एकै स्वरमा नहुन पनि सक्छ र त्यो स्वीकार्य पनि हुने गर्दछ । रेकर्डिङ्गमा त्यस्तो प्रकारको त्रुटि स्वीकार्य हुँदैन (George, 2018) ।

**सुरुवाती तालीम** :- शास्त्रीय शैली अन्तर्गत तबलावादनको सुरुवातदेखि नै आवर्तन क्रियामा मात्र ध्यान पुर्याउने गरिन्छ । त्यस कारणले रेकर्डिङ्ग स्टुडियोमा वादन गर्दा लय मापन यन्त्र (Metronome) तथा आघात मापक यन्त्र (Compresser) सँग तालमेल मिलाउन कठिन हुने गर्दछ । स्टुडियोमा वादनगर्दा हरेक मात्रा एवम् बोलको निकाशमा ध्यान दिनु पर्ने हुन्छ । शास्त्रीय तबला वादनमा प्रायः सम (तालको पहिलो मात्रा)मा मात्र ध्यान दिइने अरु मात्रा गौण मानिने प्रचलन रहेको छ । तबला विधामा प्रयोग हुने विभिन्न जातिका रचनाहरूलाई मेट्रोनममा वादन गर्ने अभ्यास नितान्त आवस्यक देखिएको छ । साथै उदारमनले त्यस प्रकारको अनुभव भएका व्यक्तिसँग शिक्षा ग्रहण गर्नुपर्ने पनि देखिन्छ । मेट्रोनममा एउटै मात्र ठेका वादन गर्ने कार्य शास्त्रीय तबला वादनमा अभ्यास भएका कलाकारहरूलाई आनन्ददायक हुने गर्दैन । स्वतन्त्र रुपमा वादनगर्ने कलाकारहरुलाई हरेक पटक केहि नयाँ कार्य होस् भन्ने बुद्धिलाई नियन्त्रण गरेर वादन कार्य निकै कठिन हुन्छ। शास्त्रीय तबला वादनमा विभिन्न रचनाहरूको अभ्यास भिन्न भिन्न मात्राका तालहरूमा गर्नुपर्ने हुन्छ । तर स्टुडियोमा भने गिने चुनेका तालका ठेकाको मात्र अभ्यास हुने गर्दछ । शास्त्रीय शैलीमा हुने तबलावादन अन्तर्गत विभिन्न रचनाहरूको वादन विशेषताका रूपमा मानिन्छ भने स्टुडियोमा छालाबाजा निर्माण हुने हरेक बाजा वादनको ज्ञान अपरिहार्य हुने गर्दछ । तबलावादक जगन्नाथ धौगडाका अनुसार भारतका स्टुडियोमा स्टुडियोमा प्रत्येक वाद्य यन्त्र वादन गर्ने अलग अलग कलाकार हुने गर्दछन् । नेपालमा भने एउटै कलाकारबाट नै सबै प्रकारका अवनद्ध वाद्ययन्त्रहरू वादन गर्ने प्रचलन रहेको छ । यसोगर्दा प्रत्येक कलाकारको पर्खाइमा लाग्ने समयको बचत हुनजान्छ । एउटा कलाकारले गरेको वादन अर्को कलाकारलाई बुझ्न एवम् त्यहि भावना अनुसारको वादन गर्न केहि समय लाग्ने हुन्छ । एउटै कलाकारले एकै समयमा अमुक रचनामा प्रयोग हुने सबै प्रकारको तालबाजा वादन गरेमा भाव मिल्नजान्छ र कार्य सहज हुन्छ । भारत एवम् पाकिस्तानका तबला वादकहरू उ.जाकिर हुसैन, ऊ.ताफु खाँ, उ.तारी खाँ लगायतअन्य शास्त्रीय तबला वादकहरूका तबलावादन प्रत्यक्ष एवम् स्टुडियोमा उत्तिकै सापेक्ष भएको श्रवण गर्न सकिन्छ । नेपालको परिप्रेक्ष्यमा धेरै शास्त्रीय तबला वादकहरूको तबलावादन स्टुडियोमा किन स्वागत योग्य हुँदैन ? भन्ने प्रश्नमा प्रख्यात मादल एवम् तबला वादक (रायमाझी, शान्ति बहादुर, व्यक्तिगत संचार, १३, वैशाख, २०७९) को भनाई अनुसार तबला बाहेकका अन्य तालबाजाहरू (मादल, ढोलक, डफ)लगायतका वाद्य यन्त्रहरूको वादनले तबला वादकको हातको रखाव बिग्रिन्छ भन्ने गलत धारणा रहेको पाईन्छ । त्यसैगरी उनको थप भनाई अनुसार शास्त्रीय तबलावादन गर्ने ज्ञान भएका र रेकर्डिङ्ग स्टुडियोमा तबला लगायत अन्य वादन गर्ने कलाकारहरुको एक अर्काको कार्य प्रतिको असम्मान तथा रेकर्डिङ्ग स्टुडियोमा प्रसिद्धि भएका व्यक्तिहरू मध्ये केहीलाई मात्र शास्त्रीय सङ्गीतको ज्ञान हुनु प्रमुख समस्याका रूपमा औल्याएका छन् ।

यस्ता समस्याको कसरी समाधान हुन्छ त ? भन्ने प्रश्नमा उनले अभ्यास गर्ने तरिकामा जबसम्म आफुलाई चाहिएको स्वरको वादन हुँदैन तबसम्म वादन प्रक्रिया निरन्तर हुन अत्यावस्यक हुने बताएका छन् । त्यस प्रक्रियाबाट अगाडी बढ्नु भएका अनुभवी अग्रजहरूसँग निरन्तर सङ्गतले यस विषयमा कार्यगर्न चाहना भएको तबलावादकले कमजोरीलाई बिस्तारै हटाउन सक्दछन् । शास्त्रीय र सुगम दुवै विधामा सुहाउनेगरि तबलावादनमा साधना गरेका व्यक्तिहरुले दुवै विधालाई सम्मान गर्ने परम्परा भएमा स्वतः समस्या समाधान हुन जान्छ।

वर्तमान समयमा काठमाडौं उपत्यका भित्र ब्यावसायिक रूपमा तबलावादनमा नामचीन कलाकारहरू छन् । जस अन्तर्गत कुमार थापा (महाराज), शान्ति बहादुर रायमाझी, प्रमोद उपाध्याय, भुवन गंदर्भ, राजु अग्रवाल, मनराज नकर्मी, नवराज गुरुङ, विदुर राज कर्णिकार, जीवन राई, पर्विंदर सिंह, जगन्नाथ धौगडा, भी.पी.सिंह, जे.पी.जोशी, अनिल थापा मगर, मेघराज, शम्भु बानिया, कुन्दन शाह, फरेन परियार आदि । उल्लेख गरिएका तबलावादकहरूमध्ये अधिकाम्सले शास्त्रीय शैलीमा तबलावादन सिकेका हुन् । विभिन्न विश्वविद्यालयबाट तबलावादनको उच्च शिक्षा प्राप्त

गरेका धेरैजसो तबलावादकहरू निजी सङ्गीत संस्थाहरु, विद्यालय तथा विश्वविद्यालय आदिमा अध्यापन साथै व्यक्तिगत रुपमा शिक्षा दिने कार्य गरेर जिविकोपार्जन गर्दै आएका छन् । उनीहरुले स्टुडियोमा पनि वादन कार्य गरेमा आर्थिक पक्ष सबल बनाउन मद्दत मिल्छ तथा तबला विषयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान भएका कलाकारहरुको कार्य अझै सुन्दर हुनसक्छ ।

**निष्कर्ष**

विभिन्न संगीत संस्थाहरु, विद्यालय, तथा विश्वविद्यालयहरूमा तबला वादनको शिक्षामा शास्त्रीय वादनको साथसाथै रेकर्डिङ्ग स्टुडियोमा वादनको लागि आवश्यक शिक्षाको अवधारणा सहित सिक्ने सिकाउने कार्य गर्नु आवस्यक छ। त्यस प्रकारबाट तबलावादनको शिक्षा प्राप्त गरेका तबला वादकहरूले रेकर्डिङ्ग स्टुडियोमा तबलावादन गरेमा अझ उत्कृष्ट कार्य हुनसक्छ। शास्त्रीय सङ्गीत सम्बन्धित कार्यक्रम मात्र प्रस्तुत गरेर नेपालमा जीवनयापन गर्न धेरै नै कठिन रहेको छ। स्टुडियोमा वादन गर्ने कार्य निरन्तर भएमा कलाकारहरूको आर्थिक अवस्था पनि सुदृढ हुने देख्न सकिन्छ। त्रिभुवन विश्वविद्यालय अन्तर्गत विभिन्न सङ्गीत सम्बन्धित शिक्षालयमा व्यावसायिक रूपमा स्टुडियोमा गरिने शैलीगत वादन विषयको क्रियात्मक कार्य हुन अपरिहार्य देख्न सकिन्छ। रेकर्डिङ्ग स्टुडियोमा वादन गर्न इच्छा हुने विद्यार्थीले छालाद्वारा बनेका अन्य ताल बाजाहरू (मादल, ढोलक, तादल, डफ) जस्ता तालवाजाहरूको वादन शैलीका बारेमा जान्नु अत्यावस्यक छ । त्यस विषयसँग सम्बन्धित कलाकार एवम् अनुभवीसँग निरन्तर सहकार्य पनि आवस्यक छ । रेकर्डिङ्ग स्टुडियोमा निरन्तर वादन कार्य भएमा कुनै पनि रचनामा कुशलतापूर्वक कार्यगर्ने क्षमताको अभिवृद्धी हुँदै जाने गर्दछ। तबला शिक्षणको सुरुवातदेखि नै मेट्रोनमको प्रयोग गरि सन्तुलनका साथमा दायाँबायाँ वादनको अभ्यास भएको खण्डमा रेकर्डिङ्गमा तालबाजा वादनमा त्यत्ति कठिन हुँदैन। लेखन कार्य एवम् पाश्चात्य सङ्गीतको पनि आवस्यक ज्ञान भएमा अझ सहज रूपमा कार्य गर्न सकिन्छ। प्रत्यक्ष वादनमा श्रोता सामुन्ने रहने गर्दा वादनको असर तुरुन्त अनुभव गर्न सकिन्छ । सङ्गीतका सबै विधा सुन्दर छन् भन्ने भावनाको विकाश सबै सङ्गीतकर्मीहरूमा हुन नितान्त आवस्यक रहेको देखिन्छ। हरेक विधाको सङ्गीत साधकले आफ्नो विधालाई सुन्दर बनाउन उत्तिकै मेहनत गरेको हुन्छ, भन्ने भाव सबैमा जागृत भएमा स्टुडियो तथा प्रत्यक्ष कार्यक्रममा वादन गर्ने कलाकारहरूको बिचमा रहेका धेरै प्रकारका समस्या समाधान हुनेछ ।

**सन्दर्भ सुची**

गौतम, डिल्लीराम, (२०६६). *पूर्वीय सोच र स्रोत,* भक्तपुर नेपाल, काठमाडौं स्कूल अफ ल ।

ढकाल, वेङ्कटेश (2022). धार्मिक कार्यक्रम एवं श्रीमद्भागवत पुराणमा सङ्गीत : एक अध्ययन. *Journal of Fine Arts Campus,* 4(1).28-36. DOI: https: //doi.org/10.3126/jfac.v4i1.51759.

प्रज्ञा नेपाली बृहद शब्दकोश (संशोधित र परिवर्धित संस्करण). (२०७९), कमलादी, काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, आशिष (१०/वैशाख/२०७९). *' राजु अग्रवाल:तबला बजाएबापत घरबाट निकालिएका स्वर सम्राटका साहुजी',* retrieved on 05/07/2022 https://www.loksambad.com/news/22704 .

भक्ति भारत (२०२२). *'vidya-dadati-vinayam'.* Retrieved on 17/4/2022 https://www.bhaktibharat.com/mantra/

मराठे, भाल्चन्द्र राव (सन् १९९१) . *ताल वाद्य शास्त्र,* ग्वालियर, भारत, शर्मा पुस्तक सदन ।

मिश्र, लालमणि (सन् २०१९). *भारतीय सङ्गीत वाद्य,* नई दिल्ली, भारत, भारतीय ज्ञान पीठ ।

योन्जन, गोपाल एवम् साथीहरु (२०३४) . *संगीताञ्जली,* काठमाडौं, श्री पाण्डे रक्तकाली ।

रावल, बेनी जंगम (२०६३). *सन्दर्भ:लोकगीतका,* प्रदर्शनी मार्ग, काठमाडौं, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

रेग्मी, ध्रुबेशचन्द्र (१/असोज/२०७४). *'सङ्गीतका प्रेरणा तबला गुरु पं. होमनाथ उपाध्याय',* शिक्षक मासिक Retrieved on २१/१२/२०७८ https://shikshakmasik.com/.

वसन्त ( सन् २०१०). *सङ्गीत विशारद,* हाथरस (उ.प्र), भारत, सङ्गीत कार्यालय ।

सशस्त्रबुद्धे, स्मिता (Jan/2015).सङ्गीत के प्रचार प्रसार में संचार साधनों की भूमिका.*International journal of research–Granthaalayah* DOI: https://doi.org/10.29121/granthaalayah.v3.i1SE.2015.3412.

Alawathukotuwa, M A G M S B (2013). *Evolution of sound recording techniques and their impact on the growth of music in Sri Lanka, Dept. of Music,* University of Delhi, http://hdl.handle.net/10603/36239.

Apsion, G. (22/ May/ 2018). '*Recording vs Live Performance Studio: The Key Differences* . Retrieved on https://www.kore-studios.com/studio-recording-vs-live-performance.

Bates, Eliot (February/2020). Recording Studios since 1970. https://www.researchgate.net/publication/

Beck, J., (2005). Music Composition. Sound Recordings and Digital Sampling in the 21st Century: A Legislative and Legal Framework to Balance Competing Interests. *UCLA Entertainment Law Review*. 13(1), https://doi.org/10.5070/LR8131027080.

Bhamra, K. (2020). *'Electronic Tabla Demo'*. Retrieved on 4/27/2022 https://youtu.be/RXn_pTHget4.

Cambridge Dictionary (2023) *https://dictionary.cambridge.org/example/english/recording-studio* Retrieved on 04/07/2022=

Christina, L. (2015). '*Local responsiveness in distant markets: Western gramophone companies in India before World War I, Management & Organizational History*. Retrieved 3/28 2022 on http://dx.doi.org/10.1080/17449359.2015.1029945.

Hilton, Sl (n.d). *'The History of Recorded Music'*.Retrieved 28/3/2022 on https://www.musical-u.com/learn/history-of-recorded-music/.

Talaks at Google (21/Sep/2016). *'Bringing Tabla to the Global Stage Zakir Hussain .Talks at Google'* . Retrieved on 5/2/2022. https://www.youtube.com/watch?v=Y4_KbtwVj24

Keda Music Ltd, (15/Jan/2022). Tabla Buying Tips'. Retrieved on 05/27/2022 https://youtu.be/HnPVHHM4uyw.

Miller, F. (April/ 2018). *Popular Music and Instrument Technology in an Electronic Age, 1960-1969*. A thesis submitted to McGill University in partial of the requirements of the degree of Ph.D. in Musicology.

Parikh, A. (11/ March/ 2015). *fourth Baithak Ustad Fazal Qureshi dialogue with Pandit Arvind Parikh*. retrieved on 4/7/2022, https://youtu.be/ezyX1T7owmA.

Regmi, D. C. (July/2003). *The history of music in Nepal with special reference to classical music during the Rana period (1846-1951 A.D.)* Delhi, India. (Unpublished thesis of Ph.D.).

Singh, Jaidev, (2010). *भारतीय सङ्गीत का इतिहास*, वाराणसी, भारत, विश्वविद्यालय प्रकाशन ।

https://www.kalanidhisangeet.org/ .Retrieved on 04/07/2022.

https://www.nepalmusiccenter.com /. Retrieved on 04/07/2022.

https://www.factu.edu.np .retrieved on 04/07/2022.

https://sirjanacollege.edu.np/ . Retrevied on 17/March/2023.